# जीतपुरसिमरा उपमहानगरपालिका नगरकार्यपालिकाको
# चौबिसौं बैठक

आज मिति २०७५।०५।०५ गते मंगलवार दिउसो १२:३० बजे यस जीतपुरसिमरा उपमहानगरपालिका नगरकार्यपालिकाको चौबिसौं बैठक नगरप्रमुख श्री डा. कृष्ण प्र. पौडेलज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा बसी प्रस्तावित बिषयहरुमा छलफल गरीयो ।

उपस्थिति

श्री डा. कृष्ण प्र. पौडेल, प्रमुख, जीतपुरसिमरा उपमहानगरपालिका

श्री सरस्वती चौधरी, उप-प्रमुख, जीतपुरसिमरा उपमहानगरपालिका

श्री हिरा ब. गुरुङ्ग, वडाध्यक्ष-१

श्री तिलक ब. श्रेष्ठ, वडाध्यक्ष-२

श्री जगन्नाथ घिमिरे, वडा,दध्यक्ष-३

श्री भोज ब. खत्री, वडाध्यक्ष-४

श्री मोहित चौधरी, वडाध्यक्ष-५

श्री कैमुदिन अंसारी, वडाध्यक्ष-६

श्री रामबाबु प्रसाद कलवार, वडाध्यक्ष-७

श्री रामबाबु राउत कुर्मी, वडाध्यक्ष-८

श्री प्रभु नाथ प्रसादचौधरी, वडाध्यक्ष-९

श्री सरोज कुमार राउत, वडाध्यक्ष-१०

श्री बिनोद प्रसाद यादव, वडाध्यक्ष-११

श्री लालबाबु प्रसाद चौधरी, वडाध्यक्ष-१२

श्री राजेन्द्र प्रसाद सिंह थारु, वडाध्यक्ष-१३

श्री रामशरण बर्तौला, वडाध्यक्ष-१४

श्री राम प्रसाद लामिछाने, वडाध्यक्ष- १५

श्री केदारनाथ बजगाई, वडाध्यक्ष- १६

श्री नवराज बहादुर खड्का, वडाध्यक्ष- १७

श्री अर्जुन प्रसाद दाहाल, वडाध्यक्ष- १८

श्री सुधन दास तत्मा, वडाध्यक्ष- १९

श्री रसुल मिया अंसारी, वडाध्यक्ष- २०

श्री कृष्ण बहादुर ठकुरी, वडाध्यक्ष- २१

श्री मणीकलाल थिङ्ग तामाङ्ग, वडाध्यक्ष- २२

श्री असलम देवान, वडाध्यक्ष- २३

श्री इलीयास देवान, वडाध्यक्ष- २४

श्री सुमित्रा कार्की, कार्यपालिका सदस्य

श्री रामदुलारी चौधरी, कार्यपालिका सदस्य

श्री सुन्दर बहादुर सुनार, कार्यपालिका सदस्य

श्री श्याम सुन्दर पासवान, कार्यपालिका सदस्य

श्री राजकुमार महरा, कार्यपालिका सदस्य

श्री अनिता देवी चौधरी, कार्यपालिका सदस्य

श्री सुभद्रा न्यौपाने, कार्यपालिका सदस्य

श्री कमल चौधरी, कार्यपालिका सदस्य

श्री शिव कुमार कार्की - सचिव

**अन्य उपस्थिती**

श्री नवराज शर्मा, सि.डि.ई.

श्री नागेन्द्र प्र.चौधरी,शाखा अधिकृत

श्री विस्मील्लाह अन्सारी, लेखा अधिकृत

श्री वीरेन्द्र वाईबा,ना.सु.

**प्रस्तावहरु :**

१. रिपोर्टिङ्ग तथा कार्यप्रगती विवरण सम्बन्धमा ।

२. राजस्व तथा टेण्डर सम्बन्धमा ।

३. एकीकृत नगर विकास योजना सम्बन्धमा ।

४. नियम तथा कार्यविधि सम्बन्धमा ।

५. प्राविधिक कर्मचारी भर्ना सम्बन्धमा ।

६. योजना संचालन सम्बन्धमा ।

७. विविध ।

**निर्णय नं. (१):** (क) प्रस्ताव नं. १ मा छलफल गर्दा नगर प्रमुख श्री डा. कृष्ण प्र. पौडेल र प्रमुख प्रशासकीय अधिकृत श्री शिव कुमार कार्कीबाट उपमहानगरका समग्र गतिबिधी, प्रशासनीक काम कारवाही तथा योजना सञ्चालन सम्बन्धमा हालसम्म भएका प्रगति विवरण प्रस्तुत भयो ।

(ख) मुश्लीम समुदायको महान पर्व बकरीदको उपलक्ष्यमा सबै मुश्लीम समुदायमा हार्दिक शुभकामना व्यक्त गर्ने निर्णय गरियो ।

**निर्णय नं. (२):** (क) प्रस्ताव नं. २ मा छलफल गर्दा नगरसभाबाट अधिकार प्रत्यायोजन भए बमोजिम पछि नगरसभाबाट अनुमोदन गराउने गरी कार्यपालिकाको निर्णयले आन्तरिक आय बृद्धि गर्न तपशिल बमोजिमको शुल्क कायम गरी कवाडी कर ठेक्का न्यूनतम अंक रु.२ करोड ५ लाख कायम गरी टेण्डर प्रकृया अगाडि बढाउने निर्णय गरियो । साथै कवाडी कर संकलनका लागि कायम गरिएका तपसिल बमोजिमका दर रेट आगामी नगरसभाबाट अनुमोदन हुने गरी दररेट कायम गर्ने निर्णय गरियो ।

तपसिल :

| क.स | विवरण | परिमाण | मुल्य |
|---|---|---|---|
| १ | पुरानो कागज | प्रति के.जी | ०.५० पैसा |
| २ | पुरानो प्लाष्टिक बोरा र पुरानो प्लाष्टी जन्य वस्तु | प्रति के.जी | रु.१ |
| ३ | पराल | प्रति ट्रक | रु.३०० |
| | | प्रति ट्र्याक्टर | रु.१०० |
| ४ | जलेको मोबिल | प्रति के.जी | रु.१ |
| ५ | सिसा | प्रति के.जी | रु.१ |
| ६ | पुरानो फलाम तथा स्टील्स | प्रति के.जी | रु.१ |
| ७ | टायर ट्युब | प्रति के.जी | रु.१ |
| ८ | थोत्रो टिन | प्रति के.जी | रु.१ |
| ९ | पुरानो ड्रम प्लाष्टिक तथा फलाम | प्रति के.जी | रु.१ |
| १० | खाली सिसि ५०० मिलि लिटरसम्म | प्रति गोटा | ०.२५ पैसा |

| | | | |
|---|---|---|---|
| ११ | खाली सिसि ५०० मिलि लिटर भन्दा बढी | प्रति गोटा | ०.५०पैसा |
| १२ | पोलिथिन पाइपका टुक्रा पुरानो | प्रति के.जी | रु.२ |
| १३ | झिण्डु | प्रति के.जी | रु.२ |
| १४ | पुरानो ब्याट्री | प्रति के.जी | रु.१ |
| १५ | गार्मेन्ट कपडाको टुक्रा | प्रति के.जी | रु.१ |
| १६ | अन्य धातु, पित्तल, तामा | प्रति के.जी | रु.५ |
| १७ | फलाम उद्योगबाट निस्केको फलामको धुलो | प्रति के.जी | रु.१ |
| १८ | छाइ फरनेसबाट निस्केको खरानी | प्रति के.जी | रु.१ |
| १९ | जिंक | प्रति के.जी | रु.५ |

(ख) पहिलो चरणमा ठेक्का लाग्न नसकेका बजारहरुको निम्न अनुसार न्यूनतम ठेक्का अंक कायम गरी पुन ठेक्का आह्वान गर्ने निर्णय गरियो (सिमरा बजार रु.१ लाख ५० हजार, इनर्वासिरा बजार रु.४५ हजार, डुमरवाना बजारको रु.३० हजार र फत्तेपुर बजारको रु.१० हजार) ।

निर्णय नं. (३) : प्रस्ताव नं. ३ मा छलफल गर्दा शहरी विकास तथा भवन निर्माण विभागसंगको सहकार्यमा जीतपुरसिमरा उपमहानगरपालिकाको एकीकृत नगर विकास योजनाको प्रारम्भिक छलफल भएको छ ! उक्त कार्यलाई तीब्रता दिन र ठोस एवम ब्यवस्थित प्रतिवेदनका लागि गृहकार्यलाई प्रभावकारी बनाउने निर्णय गरियो ।

निर्णय नं. (४): प्रस्ताव नं. ४ मा छलफल गर्दा निम्न बमोजिमको कार्यविधि तथा निर्देशिका कार्यपालिका बैटकमा पेश भई छलफल गरियो साथै आगामि बैठकवाट पुन छलफल गर्ने निर्णय गरियो।

१. जेष्ठ नागरिक परिचयपत्र वितरण निर्देशिका, २०७४

२. उपभोक्ता समिति गठन परिचालन तथा ब्यवस्थापन सम्वन्धी कार्यविधि, २०७५

३. करारमा प्राविधिक कर्मचारी ब्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५

४. सांगठनिक संरचना तथा कर्मचारीको दरवन्दी विवरण, २०७५

५. अपाङ्गता परिचयपत्र सम्बन्धि कार्यविधि, २०७५

साथै जारी ऐनको नियमावली तथा कार्यविधिहरु निर्माणको प्रकृया अघि बढाउने निर्णय गरियो ।

निर्णय नं. (५): प्रस्ताव नं. ५ मा छलफल गर्दा देहाय बमोजिमको प्राविधिक कर्मचारी भर्ना गर्न माथि प्रस्तुत कार्यविधि स्वीकृत पश्चात प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

१. नापी अधिकृत १ (एक) जना

२. सव ईन्जिनियर ४ (चार) जना

निर्णय नं. ६ : प्रस्ताव नं. ६ मा छलफल गर्दा आ.व.२०७५/०७६को योजना संचालन प्रकृयालाई तीब्रताका साथ अघि बढाउने जिर्णय गरियो ।

निर्णय नं. ७ (विविध): प्रस्ताव नं. ७ मा छलफल गर्दा निम्न निर्णय गरियो ।

(क) फोहोरमैला व्यवस्थापन सम्बन्धमा स्थायी र दिगो व्यवस्थापनको लागि बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रसंग समन्वय गर्ने र ल्याण्डफिल्ड साइडको डिपिआर तयार गर्नका लागि कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो ।

(ख) दमकललाई कार्यालय परिसर भित्रै राखे ब्यवस्था मिलाउने र बास तथा पानीको लागि बोरिङ्गको व्यवस्था मिलाउने निर्णय गरियो ।

(ग) वडा कार्यालयहरुका लागि आवश्यक पर्ने निवेदनहरुको ढाँचा, अनुसूची, वडापत्र, शहीदको फोटो, तयार गरी वडा कार्यालयहरुलाई वितरण गर्ने गरियो ।

(घ) नितनपुर चौकको अधुरो सार्वजनिक शौचालयको निर्माण पुरा गर्ने निर्णय गरियो।

(ङ) जीतपुरसिमरा वार्ड नं ७ स्थित जीतपुर बजारमा २०७५ भाद्र ९ गते बिहान हुने सरसफाइ अभियानका लागि फोहोरमैला व्यवस्थापनका लागि ड्रम वितरण गर्ने र सबैलाइ सहभागी हुनका लागि आव्हान गर्ने निर्णय गरियो ।

(च) जीतपुरसिमरा नगरपालिका भित्र सञ्चालनमा रहेका सामुदायिक तथा निजि विद्यालय दर्ता तथा कक्षा बृद्धि सम्बन्धमा छलफल हुँदा २९ वटा विद्यालयको कक्षा बृद्धिको लागि निवेदन परेकोमा नगरपालिकाको अनुगमन तथा वडा कार्यालयको सिफारिस समेतका आधारमा २१ विद्यालयको कक्षा बृद्धि अनुमती दिने निर्णय गरियो ।

सामुदायिक विद्यालय तर्फ

| | | | |
|---|---|---|---|
| १ | सूर्योदय प्रा. बि. ढुकुवाबास | २२ | ५ |
| २ | अहिंसावादी साङ्गे छोयलिङ्ग बौद्ध गुम्बा | २१ | ३ |
| ३ | सामुदायिक प्रा बि सगरदिना | ८ | १ |

निजी विद्यालय तर्फ

| सि नं | विद्यालयको नाम | ठेगाना वडा नं | अनुमति दिइएको कक्षा |
|---|---|---|---|
| १ | जीतपुर पब्लिक स्कुल | ७ | १० |
| २ | केयर भिजन बोर्डिङ्ग स्कुल | ७ | १० |
| ३ | मिशन एकेडेमी | १८ | ९ |
| ४ | सेन्ट अल्फान्स बोर्डीङ्ग स्कुल | ४ | ९ |
| ५ | छिमेक बोर्डिङ्ग स्कुल | ३ | ८ |
| ६ | न्यू एकता ईङ्गलिस बोर्डिङ्ग स्कुल | १ | ८ |
| ७ | पाथिभरा ईङ्गलिस बोर्डिङ्ग स्कुल | ३ | ८ |
| ८ | अक्षरा पाठशाला | २ | ८ |
| ९ | साना किसान शिक्षा सदन | १४ | ७ |
| १० | शुभतारा ईङ्गलिस बोर्डिङ्ग स्कुल | ४ | ७ |
| ११ | पुवित्राराज ईङ्गलिस बोर्डिङ्ग स्कुल | ५ | ७ |
| १२ | स्नो अपेक्स एकेडेमी | १२ | ६ |
| १३ | अम्ब्रेला इङ्गलिस बोर्डिङ्ग स्कुल | ७ | ३ |
| १४ | रोज एकेडेमी | ३ | ३ |
| १५ | एडभान्स इङ्गलिस बोर्डिङ्ग स्कुल | १७ | ३ |
| १६ | लिटिल एन्जेल बोर्डिङ्ग स्कुल | २१ | ३ |

| | | | |
|---|---|---|---|
| १७ | शिक्षा दिप इङ्गलिस बोर्डिङ्ग स्कुल | १६ | ३ |
| १८ | नव सूर्योदय इङ्गिलस बोर्डिङ्ग स्कुल | १७ | २ |

(झ) नयाँ शिक्षा ऐन अनुसार व्यवस्था भएको विद्यालय व्यवस्थापन समिति गठन गर्ने सम्बन्धमा पुरानो विद्यालय व्यवस्थापन समिति भङ्ग गरी ऐनमा व्यवस्था भए अनुसार नयाँ विद्यालय व्यवस्थापन समिति गठन गर्न सम्बन्धीत विद्यालयहरुलाई पत्राचार गर्ने निर्णय गरियो ।

(ञ) उपमहानगरपालिका अन्तर्गतका वडा कार्यालयहरुका लागि २२ वटा मोटरसाइकल खरिद गर्न आवश्यक प्रकृया अगाडि बढाउने निर्णय गरियो ।